**आकाशवाणी समाचार- नेपाली**

मितिः ७ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी आज गुजरात अनि केंद्र शासित प्रदेश दादरा तथा नगर हवेली अनि दमण-दीव को दुई दिनको यात्रामा जानुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको उपलब्धि र सफलताले विश्वभर आशाको नयाँ लहर उत्पन्न भएको बताउनु भएको छ।
- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिज भन्नुभयो मेक्सिको का राष्ट्रपतिसित बातचीत पछि उहाले मेक्सिकोबाट आउने अधिकांश वस्तुहरु माथि 25 प्रतिशत आयात शुल्क एक महीनाको लागि स्थगित गरिएको छ।
- 14 ओ नागालैंड विधानसभाको बजट सत्रको अवधि 2 वटा विधेयक- नागालैंड नगर एवं ग्राम नियोजन (चतुर्थ संशोधन) विधेयक, 2025 अनि नागालैंड निवेश एवं विकास प्राधिकरण (मान्यकरण) विधेयक, 2025 हिज पारित गरियो।
- महिला प्रिमियर लिग क्रिकेटमा हिजो मुम्बई इन्डियन्सले युपी वारियर्सलाई ६ विकेटले पराजित गर्‍यो।

**उपराष्ट्रपति-राष्ट्रीय चर्चा**

उपराष्ट्रपति जगदीप धनखड़ले हिज लोकतंत्रलाई डेमोक्रेसी देखि इमोक्रेसी तर्फ परिवर्तित गर्ने बिषय माथि राष्ट्रीय चर्चा गर्ने आह्वान गर्नुहुदै भन्नुभएको छ कि भावनाद्वारा प्रेरित नीतिहरु , भावना द्वारा प्रेरित चर्चा अनि उपदेश सुशासनको लागि खतरा हो। उहाले भन्नुभयो कि ऐतिहासिक रूपले सिद्ध छ कि मानिसहरुलाई लोभ्याउनु सबैभन्दा खराब अर्थशास्त्र हो अनि एक पल्ट जब कुनै नेता मानिसहरुलाई लोभ्याउन पट्टी लाग्छ तब यस बाट निस्किनु उनुहरुको लागि धेरै कठिन हुदाछ। मानिसहरुलाई क्षणिक रूपमा सशक्त बनाउनुको सत्तामा उनीहरुलाई आत्मसशक्त बनाउनको लागि दह्रिलो बनाउनु पर्ने श्री धनखड़ले बताउनुभयो। मुंबईमा नेतृत्व अनि शासन विषय माथि प्रथम मुरली देवड़ा स्मृति संवाद समारोहमा आफ्नो आरंभिक संबोधनमा श्री धनखड़ले तुष्टिकरणको राजनीति अनि कुनै प्रकारले खुशी बनाएर आफ्नो तर्फ ल्याउने रणनीतिबारे गहिरो चिंता व्यक्त गर्नुभएको छ । उपराष्ट्रपतिले सार्वजनिक स्थानहरुमा धूम्रपान माथि प्रतिबंध लगाउनमा श्री मुरली देवड़ाको भूमिकाको सराहना गर्नुभएको छ। मुरली देवड़ाले सार्वजनिक स्थानहरुमा धूम्रपान माथि प्रतिबंध लगाउनको लागि उच्चतम न्यायालयबाट हस्तक्षेपको मांग गर्नु भएको श्री धनखड़ले बताउनुभयो।

****** ० ******

**प्रधानमंत्री - गुजरात दौरा**

प्रधानमंत्री नरेन्द्र मोदी आज गुजरात अनि केंद्र शासित प्रदेश दादरा तथा नगर हवेली अनि दमण-दीव को दुई दिनको यात्रामा जानुहुनेछ । श्री मोदीले गुजरातको सूरत अनि नवसारी तथा दमणको सिलवासामा विभिन्न कार्यक्रमहरुमा भाग लिनुहुनेछ । प्रधानमंत्रीले आज बिहान दादरा अनि नगर हवेलीको सिलवासामा 2,587 करोड़ रुपियाँको विभिन्न परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुनेछ। श्री मोदीले सिलवासामा एक जनसभालाई पनि संबोधित गर्नुहुनेछ। सूरतमा प्रधानमंत्रीले सूरत खाद्य सुरक्षा संतृप्ति अभियानको शुभारंभ गर्नुहुनेछ । सूरतमा लगभग 2 लाख लाभार्थिहरुलाई प्रधानमंत्री गरीब कल्याण अन्न योजना अंतर्गत लाभ प्राप्त हुनेछ। श्री मोदीले नवसारीमा भोलि अंतर्राष्ट्रीय महिला दिवसमा , ‘लखपति दीदी सम्मेलन’ मा भाग लिनुहुनेछ । उहाले पच्चीस हजार भन्दा अधिक स्व-सहायता समूहहरुको 2 लाख 50 हजार महिलाहरुलाई 450 करोड़ रुपियाँ भन्दा अधिकको सहायता राशि प्रदान गर्नुहुनेछ।

****** ० ******

## प्रधानमंत्री जन औषधि दिवस

आज जनऔषधि दिवस हो। यस योजनाको बारेमा जागरूकता जगाउन र जेनेरिक औषधिहरूको प्रयोगलाई प्रवर्द्धन गर्न यो दिवस मनाइन्छ। प्रधानमन्त्री भारतीय जनऔषधि परियोजनाको उद्देश्य सबैलाई किफायती मूल्यमा गुणस्तरीय जेनेरिक औषधिहरू उपलब्ध गराउनु हो। रसायन अनि उर्वरक मंत्रालयले यस पहललाई समर्थन गर्नका लागी देशमा सप्ताह व्यापी गतिविधिहरु आयोजित गरिएको छ।

****** ० ******

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको उपलब्धि र सफलताले विश्वभर आशाको नयाँ लहर उत्पन्न भएको बताउनु भएको छ । उहाँले आज सारा विश्वले यसलाई भारतको युग भनिरहेको छ भनी बताउनुभएको छ। नयाँ दिल्लीमा एक निजी समाचार च्यानलको कार्यक्रममा बोल्दै श्री मोदीले आज भारतले विश्वव्यापी वृद्धिलाई अगाडि बढाइरहेको छ र विकासको बाटोमा द्रुत गतिमा अगाडि बढिरहेको छ भनि बताउनुभयो।

(byte- Growth)

प्रधानमन्त्रीले आजको भारतले ठूलो सोच राख्छ, महत्वाकांक्षी लक्ष्यहरू राख्छ र उल्लेखनीय नतिजाहरू प्रदान गर्दछ भनि बताउनु भयो। उहाँले पछिल्लो दशकमा भारत पाँचौं ठूलो अर्थतन्त्र बनेको अनि अब द्रुत गतिमा विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको बताउनु भयो।

(byte- Economy)

श्री मोदीले विगत दश वर्षमा भारत विश्वको दोस्रो ठूलो स्टील उत्पादक, दोस्रो ठूलो मोबाइल फोन निर्माता र तेस्रो ठूलो स्टार्टअप राष्ट्र बनेको बताउनु भयो। उहाँले सौर्य ऊर्जा क्षमताको हिसाबले भारत शीर्ष पाँच देशहरू मध्ये एक हो भनि बताउनु भयो।

(byte- Solar)

****** ० ******

## नित्यानन्द राय

केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले हिजो नयाँ दिल्लीमा जनजातीय युवा आदानप्रदान कार्यक्रम अन्तर्गत लगभग २०० जनजातीय युवाहरूसँग अन्तरक्रिया गर्नुभयो। छत्तीसगढ र ओडिशाका जनजातीय जिल्लाका यी युवाहरू हाल राष्ट्रिय राजधानीमा छन्। यी युवाहरूसँग कुराकानी गर्दै केन्द्रीय मन्त्रीले देशका वामपन्थी अतिवाद प्रभावित जिल्लाहरूमा धेरै विकास कार्य भएको बताउनु भयो। उहाँले यी जिल्लाहरूमा सडक र रेलवेको सञ्जाल बिछ्याइएको छ र नयाँ विद्यालयहरू खोलिएको छ भनि बताउनु भयो। श्री रायले जनजातीय समुदायले देशको स्वतन्त्रता संग्राम र देशको संस्कृति संरक्षणमा ठूलो योगदान पुर्‍याएको पनि बताउनुभयो। उहाँले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन योगदान दिन युवाहरूलाई अपील पनि गर्नु भयो।कुराकानीको क्रममा, छत्तीसगढको बस्तर जिल्लाकी जनजातीय युवती फूलमणि कश्यपले पनि युवा आदानप्रदान कार्यक्रमको बारेमा आफ्ना अनुभवहरू साझा गरिन्।

****** ० ******

## ट्रम्प-शुल्क-स्थगित

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिज भन्नुभयो  कि मेक्सिको का राष्ट्रपतिसित बातचीत पछि उहाले मेक्सिकोबाट आउने  अधिकांश वस्तुहरु माथि 25 प्रतिशत आयात शुल्क एक महीनाको लागि स्थगित गरिएको छ । राष्ट्रपति ट्रम्पको यो  घोषणा, अमेरिकी वाणिज्य मंत्री हॉवर्ड लुटनिकको बयान पछि आएको हो जसमा उहाले भन्नुभएको थियो कि कनाडा अनि  मेक्सिको माथि आयात शुल्क लगाउनमा संभवतः  ढिलाई हुनेछ । फरवरी महिनाको आरंभमा ट्रम्प द्वारा घोषित आयात शुल्क दोस्रो पल्ट एक महीनाको लागि स्थगित गरिएको छ । यो छूट ती वस्तुहरु माथि लागू हुनेछ जो राष्ट्रपति ट्रम्पको पहिलो  कार्यकालमा कनाडा अनि मेक्सिको को व्यापार समझौताको अवधि भएको थियो । जुन देशहरुले  अमेरिकी निर्यात माथि शुल्क लगाउद छन् ती देशहरु माथि  अमेरिकी पारस्परिक आयात शुल्क 2 अप्रैलमा लागू हुने श्री लुटनिकले बताउनुभएको छ ।

**नेपाल- आगलागी**

नेपालमा लुम्बिनीको पाल्पा जिल्ला अन्तर्गत संसारकोट डाँडामा लागेको आगो अझै निभाउन सकिएको छैन। अत्यधिक कुहिरो अनि लगातार चलिरहेक्को हावाहुरीको कारण आगो नियन्त्रणमा ल्याउनु सकिएको थिएन। आगलागीको कारण 170 हेक्टर क्षेत्रफलमा फैलिएको चार वटा सामुदायिक वनमा क्षति पुगेको छ। वन बिभाग कार्यालयका अनुसार आगलागीबाट दे उरालीको लेक सामुदायिक वन, भरेखोला सामुदायिक वन, मधुवन सामुदायिक वन र बृन्दावन सामुदायिक वनमा क्षति पुगेको छ। आगो निभाउन नेपाली सेना, सशस्त्र पुलिस बल अनि स्थानीयवासी लागिपरेका छन्।

****** ० ******

**नागालैंड विधेयक**

14 ओ नागालैंड विधानसभाको बजट सत्रको अवधि 2 वटा विधेयक- नागालैंड नगर एवं ग्राम नियोजन (चतुर्थ संशोधन) विधेयक, 2025 अनि नागालैंड निवेश एवं विकास प्राधिकरण (मान्यकरण) विधेयक, 2025 हिज पारित गरियो। सदनमा तीन वटा नयाँ विधेयक - नागालैंड न्याय एवं पुलिस प्रशासन नियम -पांच ओ संशोधन विधेयक 2025, नागालैंड कार्यभारित एवं आकस्मिक कर्मचारी विनियमन द्वितीय संशोधन- विधेयक 2025 अनि नागालैंड माल एवं सेवा कर 10 ओ संशोधन विधेयक 2024 पनि पेश गरियो ।

नागालैंड विधानसभा अध्यक्ष शारिंगेन लोंगकुमेरले भन्नुभयो कि यी विधेयकहरु पारित गर्नको लागि आज चर्चा गरिनेछ। विधानसभामा सरकारी नियमहरु अनि रिपोटहरु सितनै राज्यको विभागहरुको धेरै वार्षिक रिपोर्ट पनि पेश गरियो।

****** ० ******

**तेलंगाना-मंत्रिमंडल फैसला**

तेलंगानाको मंत्रिमंडलले अनुसूचित जातिलाई समूह 1, 2 तथा 3 मा उप-वर्गीकृत गर्ने अनि शिक्षा, रोजगार एवं स्थानीय निकायहरुमा पछाडीएका वर्गका लागी 42 प्रतिशत आरक्षण सुनिश्चित गर्नका लागी मसौदा विधेयकलाई मंजूरी देको छ। मुख्यमंत्री ए. रेवंत रेड्डीको अध्यक्षतामा हिज साँझ भएको बैठकमा विधानसभाको आगामी बजट सत्रमा यी दुवै विधेयकहरु पेश गर्ने निर्णय गरिएको छ। यो बैठक लगभग सात घण्टा सम्म जारी रह्यो।

****** ० ******

**महिला प्रिमियर लिग क्रिकेट**

महिला प्रिमियर लिग क्रिकेटमा हिजो मुम्बई इन्डियन्सले युपी वारियर्सलाई ६ विकेटले पराजित गऱ्यो। यो हारसँगै युपी वारियर्सको प्लेअफमा पुग्ने सम्भावना लगभग समाप्त भएको छ। लखनउमा पहिला ब्याटिङ गर्दै युपी वारियर्सले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १५० रन बनाएको थियो। जर्जिया भोलले सर्वाधिक ५५ रन योगदान गरिन्। मुम्बईका लागि अमेलिया केरले ५ विकेट लिइन्। जवाफमा मुम्बई इन्डियन्सले ९ बल बाँकी रहँदा विजयी लक्ष्य पूरा गर्‍यो। ओपनर हेली म्याथ्यूजले ६८ रनको उत्कृष्ट इनिङ खेले। मैथ्यूजलाई प्लेयर ऑफ द मैच चयाँ गरियो| आजको प्रतियोगितामा गुजरात जायन्ट्सले लखनउमा दिल्ली क्यापिटल्सको सामना गर्नेछ। खेल साँझ ७:३० बजे बाट सुरु हुनेछ।

****** ० ******